# फेदिखोला गाउँपालिकामा हरियो वन कार्यक्रम

## फेदिखोला गाउँपालिकाको परिचय

पोखरा महानगरपालिकासँग सिमा जोडिएको फेदिखोला गाउँपालिका गण्डकी प्रदेशको राजधानी पोखरादेखि सबैभन्दा नजिकको गाउँपालिका हो । स्याङ्जाको स्वागतद्धारको रुपमा चिनिएको यस गाउँपालिकाले देशको प्रमुख राजमार्ग सिद्धार्थ राजमार्गलाई समेटेको छ। साविकका बाङगेफड्के, भाटखोला, आरुखर्क र फोदीखोला गाउँ विकास समितिहरुलाई समेटेर फेदीखोला गाँउपालिका घोषणा गरिएको हो । पाँचवटा वडा रहेको गाँउपालिकाको कुल क्षेत्रफल ५६.७३ वर्ग कि.मि रहेको छ । उत्तरी भागमा कास्की जिल्ला, दक्षिण क्षेत्रमा पुतलीबजार नगरपालिका र पश्चिममा आधिँखोला गाउँपालिका रहेको यस गाउँपालिकाको जनसंख्या करिब १२,३४१ रहेको छ । प्राकृतिक, साँस्कृतिक एवं जैविक विविधताले भरिपुर्ण यस गाउँपालिकाले धार्मिक साँस्कृतिक र प्राकृतिक पर्यटनको भरपुर सम्भावना बोकेको छ ।

फेदिखोला गाउँपालिकाको आ.व. ०७६।७७ को गाउँसभाबाट नीति योजना तथा कार्यक्रम र बजेटले आफ्नो क्षेत्र भित्र आर्थिक विकास, भौतिक संरचनाको विकास, कृषि तथा पशुपंक्षी विकास; उद्योग, व्यापार तथा व्यवसाय विकास; पर्यटन विकास, गरिवी निवारण, सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, खेलकुद र मनोरञ्जन आदि), लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण; विपद् व्यवस्थापन तथा जलवायू अनुकुलन, वन तथा वातावरणीय सेवा विकास आदिमा विशेष जोड दिएको छ तथा सोहि क्षेत्रहरुलाई समेटी गाउँपालिकाले कार्यक्रमहरु लागु गरिरहेको छ। आमजनताको प्रत्यक्ष सहभागिताबाट योजना बनाई कार्यक्रमहरु लागु भएकाले सो कार्यक्रमहरुमा स्थानीय बासिन्दाहरुको अपनत्व रहेको छ । हरियो वन कार्यक्रमले तिनै कार्ययोजनाहरुको सफल कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।

## फेदिखोला गाउँपालिकामा हरियो वन कार्यक्रमको भूमिका

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा सञ्चालित हरियो वन कार्यक्रमको उद्देश्य नेपाली समुदाय र जैविक विविधतालाई लाभ पुऱ्याउनु हो । हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपाल, केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषसहित चार वटा संस्थाले संयुक्त रूपमा कार्यान्वयन गरिरहेका छन्। कार्यक्रमको पहिलो चरण सन् २०११ मा सुरु भएर सन् २०१६ मा अन्त्य भएको थियो । पहिलो चरणका उल्लेखनीय उपलब्धि र सिकाईहरूलाई अवलम्बन गर्दै कार्यक्रमको दोस्रो चरण सन् २०१६ देखि नै सुरु भई ५ वर्षसम्मका लागि सञ्चालन भइरहेको छ । यस कार्यक्रमले चितवन अन्नपूर्ण भू- परिधि र तराई भू-परिधिमा काम गर्छ । यसका दुई कार्यक्षेत्र जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन रहेका छन् । यी दुई कार्यक्षेत्रभित्र बजारमुखी जीविकोपार्जन, सुशासन र लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरु पर्दछन् ।

हरियो वन कार्यक्रमले फेदिखोला गाउँपालिकामा पहिलो चरणदेखि नै कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। जनजाति, दलित, विपन्न तथा पिछडिएका समुदायहरुको पनि बसोबास भएको यस गाउँपालिकामा हरियो वन कार्यक्रमले जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि सवालहरुलाई सम्बोधन गर्नका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । वातावरणीय सेवा भुक्तानी तथा प्रोत्साहन अन्तर्गत थेग्रीकरण नियन्त्रण, जलाधार व्यवस्थापन, वन पैदावारको गैह्रकानुनी संकलन, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, वन्यजन्तुको चोरी-सिकारी, लैङ्गिक असमानता तथा सामाजिक बञ्चितिकरण आदि विषयहरुका समाधान तथा न्यूनीकरणका लागि साथै जीविकोपार्जन सुधार र प्राकृतिक श्रोत व्यवस्थापन समूहहरुमा सुशासन तथा समावेशीकरणका लागि हरियो वन कार्यक्रमको पहिलो चरणमा फेदिखोला गाउँपालिकामा कार्यान्वयन गरिएका विभिन्न कार्यक्रमहरु मध्ये केही मुख्य कार्यक्रमहरु निम्न रहेका छन्:

| क. सं. | कार्यक्रम | कार्यक्रम सञ्चालन भएका वडा | परिमाण | लाभान्वित घरधूरी | कैफियत |
|---|---|---|---|---|---|
| **१** | **जैविक विविधता संरक्षण** | | | | |
| १.१ | नमुना सा.व | फेदीखोला १, २ | १ वटा सामुदायिक वन | १५४ घरधुरी | |
| १.२ | वासस्थान व्यवस्थापन | ४ वटा समुह (चिपलेटी, चैकेश्वारा, खहरेदेउपुजे, वान्द्रे) | १० | | १४० महिला, ४० जनजाती, ५१ दलित |
| १.२ | चोरी शिकारी नियन्त्रण इकाई गठन | फेदीखोला गा.पा. | १ | ११ युवा | |
| **१.२** | **बजारमुखी जीविकोपार्जन: बजारमा आधारित वैकल्पिक जीविकोपार्जन विकास तथा प्रवर्द्धन** | | | | |
| १.२.१ | घरधुरी स्तरको जीविकोपार्जन सुधार | फेदीखोला गा.पा. | चिपलेटी, सेतोपहरा, ठाडोपाखा, जैखेत गैरे, चौकेश्वरा, देउराली तिनखोला, ढडेकोपाखा, वान्द्रे, लुकुवा, अधेरीखोला, अरचेलथाम, | १५४ घरधूरी | |
| १.२.३ | क्षमता बिकास | फेदीखोला गा.पा. | विभिन्न ६८ तालिम, गोष्ठीमा सहभागी गराई विभिन्न विषयमा ज्ञान, सिप र आत्मविश्वास विकासमा सहयोग | २,४७६ जना | |
| १.३ | वृक्षारोपण | फेदीखोला गा.पा. | २४,९४८ विरुवा | | १५ विभिन्न प्रजातिहरु |
| १.३ | सिपमुलक तालिम | फेदीखोला गा.पा. | १० | १० जना | १ महिला |
| १.३ | बायोग्याँस | फेदीखोला गा.पा. | २५ | २५ | ७ जनजाती, ३ दलित |
| **२** | **जलवायु परिवर्तन अनुकूलनका लागि पूर्व तयारी तथा अनुकूलन** | | | | |
| **२.१** | **स्थानिय अनुकूलन कार्य योजनाका प्राथमिकिकृत क्रियाकलापहरुको कार्यान्वयन गर्न सहयोग गर्ने** | | | | |
| २.१.१ | स्थानीय जलवायू परिवर्तन अनुकूलन योजना (लापा) | फेदीखोला गा.पा.का भातखोला, वागफड्के, आरुखर्क, फेदीखोला | ४ लापा | ३,३०१ | |
| २.१.२ | समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजना ( कापा) | फेदीखोला गा.पा. | ८ सावउस (अधेरीखोला, आर्चरलेत, चिपलेती, गहतेरेवीरैटा, ठाडोपाखा, जैखेतगैरेरा, लामपागँ फलाट, देउपुजे) | १,१०३ | |
| २.१.३ | सामुदायिक वन कार्ययोजना नविकरण तथा कार्यान्वयन | फेदीखोला गा.पा. | २२ सा. व | | |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम सञ्चालन भएका वडा | परिमाण | लाभान्वित घरधूरी | कैफियत |
|---|---|---|---|---|---|
| २.२ | वन डढेलो विरुद्ध सचेतना तथा सामुहिक जीवन विमा कार्यक्रम | फेदीखोला गा.पा. | ४ | १८० घरधुरी | |
| **३** | **लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण** | | | | |
| ३.१ | प्रकिृतिक स्रोत व्यवस्थापनमा लैङिक तथा महिला हिंसा विरुद्ध सचेतना अभियान | फेदीखोला गा.पा. | ९ | ४९३ जना | |
| ३.१ | सामुदायिक सिकाई कार्य केन्द्र सञ्चालन | फेदीखोला गा.पा. | १० सिकाई कार्य केन्द्र | २७६ | |
| ३.२ | स्थानीय स्रोत व्यक्ति विकास एवं परिचालन | फेदीखोला गा.पा. | २ जना | २ | |
| **४** | **सुशासन** | | | | |
| ४.१ | सुशासन, क्षमता आंकलन तथा क्षमता बिकास | फेदीखोला गा.पा. | ५ सा. व. | | विभिन्न चरणका कार्यक्रम सम्पन्न भएका |

## हरियो वन कार्यक्रम मार्फत सञ्चालन भएका क्रियाकलापहरुका केही प्रमुख उपलब्धिहरु

फेदीखोला गाँउपालिकामा सञ्चालित कार्यक्रमको प्रमुख उपलब्धिहरुलाई निम्न तालिकामा प्रस्तुत गरिएको छः

| उपलब्धिहरु | तत्कालिक नतिजा | प्रतिफल | प्रभाव |
|---|---|---|---|
| **वृक्षारोपण** | २४,९४८ विभिन्न प्रजाति जस्तैः अम्रिसो, बकाइनो, चाप, निमारो, लाकुरी, राइखन्यु, टाकी, बडहर, लप्सी, तेजपात, रीट्ठा, इमली, बाँस र इपीलीपील विरुवाहरुको वृक्षारोपण) | • वन तथा क्षतिग्रस्त भुमिको पुनर्स्थापना तथा वन हैसियतमा सुधार<br>• डालेघाँस, गैरकाष्ठमा वृद्धि<br>• अम्रसोको मात्रा वृद्धी भइ क्षतिग्रस्त भुमिको पुनर्स्थापना | • बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपहरुमा कमी भई थेग्रीकरण नियन्त्रणमा योगदान<br>• हरियाली बढेको |
| **वायोग्यास तथा सुधारिएको चुलो जडान** | • २५ विपन्न घरधुरीमा वायोग्यास जडान, १,४३४ घरधुरीलाई फलामको चुलो प्रदान | • स्वास्थ्यमा सुधार<br>• दाउराको कम खपत<br>• वनजंगलको निर्भरतामा कमी आउने | • वनजंगलको संरक्षण तथा पुनरुत्पादनमा वृद्धी हुनुका साथै भू–क्षयमा कमी भई थेग्रीकरण नियन्त्रणमा टेवा ।<br>• कार्वन उत्सर्जन कम गर्न योगदान । |

| | | | |
|---|---|---|---|
| **जीविकोपार्जन सुधार कार्यक्रम** | •१५४ घरधुरीलाई घुम्ती कोष मार्फत जीविकोपार्जन सुधार, २१ घरधुरीमा भैसी पालनमा सहयोग, २० घरधुरीलाई बेमौसमी तथा मैसमी तरकारी खेतीका लागी सहयोग, ८८ घरधुरीलाई वाख्रापालन सहयोग, ८ घरधुरीलाई ग्रेसरी पसल, साथै १३ घरधरीलाई कुखुरा पालन र अन्य ४ जाना लाई टेलरीग, टि सप र वगुर पालन सहयोग | • रु. २,००० देखि माथि आम्दानी<br>• जीवीकापार्जनको उपायहरुको विविधिकरण<br>• संकटासन्न तथा गरिब समुदायलाई जिविकोपार्जन सुधारका कार्यक्रमहरुमा अभिप्रेरित तथा अग्रसर हुदा वनजंगलको निर्भरतामा कमी | • बालबालीकाको स्वास्थ्य र शिक्षामा सहयोग<br>• खाली जग्गाजमिनबाट हुने माटोको भुक्षयीकरणमा कमी<br>• जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनमा टेवा |
| **क्षमता बिकास** | २४७६ जनालाइ विभिन्न तालिम, गोष्ठीमा सहभागी गराइ विभिन्न विषयमाज्ञान, सिप र आत्मविश्वास विकासमा सहयोग । | • सामाजिक परिचालन, जलवायु परिवर्तन अनुकुलन, जिविकोपार्जन सुधार तथा विपद् व्यवस्थापन सम्बन्धि उन्नत कार्यहरु गर्न तथा बानी व्यवहारमा परिबर्तन<br>• वार्षिक कार्ययोजनामा जलवायु परिवर्तन, विपद् व्यवस्थापन, जैविक विविधता संरक्षण सम्बन्धी योजना समावेश गरिएको<br>• कार्ययोजना अर्न्तगत वार्षक दिगो वनको काम गरिएको। | • नेतृत्व बिकास, आर्थिक उपार्जनका क्रियाकलाप, भूसंरक्षण, अनूकूलनमा टेवा ।<br>• जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन अनुकुलनका उपायहरु अवलम्वन |
| **सिप विकास** | वनमा आश्रित १० जना युवा सीपमूलक तालिममा सहभागि भई ज्ञान सीप हासिल गरेका | ती यूवा आर्यआर्जन गरी स्वरोजगार र्भएको | वन संरक्षणमा टेवा पुर्‍याएको |
| **सामुदायिक सिकाई तथा कार्य केन्द्र** | • पहिलो चरणमा गठन भएका १० वटा सिकाई केन्द्रमध्ये सामाजिक विश्लेषण तथा सामुदायिक छलफलको आधारमा जनजागरण सिकाई | • सामाजिक सवालहरुको पहिचान, व्यक्तिगत प्रतिबद्धता साथै भावी कार्यदिशामा छलफल | • महिला नेतृत्व बढेको सामाजीक कुरुती, विभेदपूर्ण चालचलनमा कमी<br>• सामाजिक विकास |

| | | | |
|---|---|---|---|
| | केन्द्रलाई छनौट गरी Post CLAC को रुपमा परिचालन<br>● पुरुष तथा निर्णयकर्तालाई समावेश गरी महिलाको नेतृत्व र क्षमता विकास सम्बन्धी तालिमहरु संचालन<br>● सिकाईकेन्दका २५ महिला लाई तालीम प्रदान | ● असमान ज्याला, घरेलु हिंसा, मादक पदार्थ सेवन गरेका व्यक्तीवाट भएका हिंस जस्ता सवालहरु | निर्माणमा महिलाको सहभागीता बढेको |
| **सावउस वन समूहको संस्थागत क्षमता विकास** | • प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुको छनौट - ६ वटा सामुदायिक<br>• संस्थागत क्षमता आँकलन औजार बिकास तथा सहजकर्ताहरुको क्षमता बिकास तालिम<br>• सा.व.को क्षमता आकलन तथा सुधार कार्ययोजना निर्माण<br>• सुधार कार्ययोजनामा नियमित छलफल तथा कार्यान्वयन<br>• सा.व.को क्षमता पुनः आकलन<br>• ६ वटा सामुदायिक वनका ४२८ घरधूरी/उपभोक्ता यस कार्यक्रमवाट लाभान्वित | ● विपन्न परिवारलाई ३५ प्रतीशत रकम छुट्याउन सहज<br>● नियमित बैठक र आम भेला सञ्चालन<br>● सहभागीतामूलक लेखाजोखा तथा मूल्याङ्कन गर्ने अभ्यासको विकास<br>● कार्यसमितीहरु समावेशी भएका<br>● वार्षिक लेखा परिक्षण तथा आमभेला हुने गरेको<br>● नियमित गोडमेल तथा वृक्षारोपण | ● सावउसको विधान तथा वन कार्ययोजनाको कार्यान्वयनमा सहयोग<br>● वनजंगलको हैसियतमा सुधार<br>● माटोको क्षयीकरण तथा बाढीपहिरो न्यूनीकरण भई |
| **समुदायमा आधारीत जलवायु परिवर्तन अनुकूलन योजना र कार्यान्वयन अधेरीखोला,आर्चरलेत, चिपलेती, गहतेरेवीरैटा, ठाडोपाखा, जैखेतगैरेरा, लामपागँ फलाट, देउपुजे** | अधेरीखोला,आर्चरलेत, चिपलेती, गहतेरेवीरैटा, ठाडोपाखा ,लामपागँ फलाटमा पानी स्रोत संरक्षण र जैखेतगैरेर मा पानी टंकी निर्माण साथै जैखेतगैरेर सा.व.मा जैविक मल निर्माण सम्वन्धी तालीमा गरीयो<br>• पहिरो रोकथामका लागी चिपलेटी सा.वमा २१ मिटर तटबन्ध निर्माण | ● बाढी तथा थप जमिन कटान रोक्न सफल<br>● वन डढेलो नियन्त्रण तथा संरक्षणमा टेवा<br>● माटोको संरक्षण तथा हरियालीमा वृद्धी<br>● पानीको स्रोत संरक्षण वाट पानीको वहावमा वृद्दी | ● बाढीपहिरो रोकथामका लागी लगाईएको तटबन्धबाट जमिन कटान रोकी थेग्रीकरण उत्पादनमा कमी<br>● वनजंगलको हैसियतमा सुधार<br>● माटोको क्षयीकरणमा कमी |

| | | | |
|---|---|---|---|
| **स्थानीय जलवायु परिवर्तन अनुकूलन योजना तयारी र कार्यान्वयन** | • लापा अन्तर्गत फेदीखोलामा १,००० लि.को खानेपानी टैंकी निर्माण भई २२३ घरधुरी लाई सहयोग<br>• ३७ घरधुरीलाई प्लाष्टिक टनेल र ७ मि टनेल सुधार गरी १५६ घरधुरीलाई सिचाई सहयोग<br>• साथै फुसरे खोला फेदीखोला खण्डमा नदिको स्रोतको संरक्षण, दरैदीखोलामा टेकं निमार्ण, खानेपानीको लागी लिपतीग प्रयोग, नदीकटान नियन्त्रण गरीयो।<br>• मैसमी तथा वेमैसमी खेतीको लागी ५५ वटा टनेल सहयोग<br>• साथै ३ वटा संरक्षण पोखरी निमार्ण | • जलवायु परिवर्तनमैत्री प्रविधि प्रयोग गर्न कृषकहरुलाइ प्रविधि सम्बन्धी जानकारी<br>• जलवायु परिवर्तनमैत्री प्रविधिकोप्रवद्धन<br>• जलवायु परिवर्तन र फरक क्षमता प्रभावको बारेमा सचेतना बढेको<br>• संकटासन्न वडा र समुदायको पहिचान भई कार्यक्रम कार्यन्वयनमा सहज र सहयोग | • आम्दानीका स्रोतहरुमा वृद्धी<br>• संकटासन्नता कम भएको<br>• अनुकूलन तथा उत्थानशीलता बृद्धि भएको ।<br>• विपन्न तथा अति विपन्न वर्ग प्रति स्थानीय सरकारको अनुदानको कम बढेको |
| **नमुना सा व विकास** | • दुरदृष्टि निर्माण तथा सोको आधारमा रणनैतीक योजना निर्माण<br>• वार्षिक योजना निर्माण गरी कार्यक्रम कार्यनवन | • शुसासनका आधारभुत इकाईहरु जस्तैः कार्यालय व्यवस्थापन, समिती परिचालन, अभिलेखिकरण आदिमा सुधार देखिएको छ ।<br>• यस समुहको स्रोत लाभ गर्ने तथा त्यसलाई परिचालन गर्ने क्षमता बढेको छ । सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै संयुक्त परियोजना संचालन गर्ने क्षमता बढेका | चिप्लेटी सा.वन सुनियोजित तरिकाले एक सिकाई केन्द्रको रुपमा विकास भइरहेको छ । नमुना सा.व स्थापना कार्यक्रम कार्यान्वयन हुँदै गर्दा अन्य सरोकारवालाहरु जस्तैः सरकारी गैर/सरकारी संस्थाहरु, अन्य सा.वहरु, अनुसन्धानकर्ताहरु र उच्च पदश्त व्यक्तिहरुबाट यस सा.वको अवलोकन तथा अध्ययन भएको छ । विगतका दुई वर्षमा विभिन्न समयमा ३० भन्दा धेरै समुह वा व्यक्तिहरुबाट यस सामुदायिक वनको भ्रमण तथा अवलोकन सम्पन्न भएको छ । |

| | | | |
|---|---|---|---|
| **समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाई परिचालन** | १ वटा समुदायमा आधारित चोरीशिकार नियन्त्रण ईकाइ गठन र परिचालन | नियमित रुपमा समुदायमा आधारित चोरीशिकार नियन्त्रण ईकाइको परिचालनबाट वन, वन्यजन्तु, तीनका वासस्थान संरक्षणमा टेवापुगेको | चोरीशिकारका घटनाहरु कम हुन सहयोग भएको |

## सिकाईहरु

हरियो वन कार्यक्रमले फेदीखोला गाउँपालिकामा सञ्चालन गरेका क्रियाकलापहरुको विस्तृत योजना, कार्यक्षेत्र, कार्यशैली आदिका बारेमा सरोकारवालाहरुलाई पारदर्शी ढंगले जानकारी दिई कृयाकलापहरुको सञ्चालन गरेकाले स्थानीय सरकार तथा बासिन्दाहरुको निकै प्रभावकारी सहयोग प्राप्त भएको छ । आगामी दिनहरुमा पनि यस प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्दा  स्थानीय सरकार तथा बासिन्दाहरुलाई कार्यक्रमका हरेक चरणहरुमा संलग्न गराएर मात्रै अघि बढ्नु एकदमै महत्वपूर्ण पाटो देखिएको छ। यस्ता कार्यक्रम र क्रियाकलापको खाका तयार गर्दा स्थानीय स्तरमै उपलब्ध श्रोत र साधनहरुको प्रयोग तथा सुधारमा जोड दिनु पर्ने देखिन्छ । सञ्चालनमा ल्याएका कार्यक्रम तथा परियोजनाहरूले सरोकारवालाहरु वा लाभान्वित समूहलाई पारेका प्रभावहरूका बारेमा समीक्षात्मक विश्लेषण गर्नु महत्वपूर्ण हुन्छ । कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ताहरु बिच संयुक्त सहभागितात्मक छलफल गर्ने परिपाटीले सुधार गर्नुपर्ने कुराको पहिचान, सुधार योजना, कार्यन्वयन तथा उपलब्धि प्राप्त गर्न सहज हुने देखिएको छ। वाह्य श्रोतबाट प्राप्त हुने प्राविधिक तथा आर्थिक सहयोगका साथसाथै स्थानीय समुदायहरुले एक समुदायमा भएका राम्रा अभ्यास र सिकाईहरु अर्को समुदायलाई सिकाउने र सिक्ने गर्दा संलग्न सबै पक्षलाई फाइदा पुग्ने गर्दछ। बिकास निर्माणका कार्यक्रमहरु तय गर्दा दोहोरोपना हटाई सकेसम्म लक्षित वर्गहरुमा ती कृयाकलापहरुले दिगो असर पार्ने गरी कृयाकलापहरु तय गरिनु पर्दछ । जलवायु परिवर्तनका असरहरुलाई सामना गर्न समुदाय र सामुदायिक संगठनहरु (जस्तै साबउस, सामुदायिक सिकाई तथा कार्य केन्द्र, कृषि समूह, सहकारी समूह, समुदायस्तरका संघसंस्थाहरु) को परिचालन उपयुक्त माध्यम हो । यसका लागि उनीहरुमा पर्याप्त ज्ञान, सिप तथा क्षमता विकास तथा अभिवृद्धि हुन आवश्यक छ । जलवायु परिवर्तनको असर मानव समुदायको तुलनामा वन तथा जैविक विविधतामा ढिलो देखिएता पनि अन्ततोगत्वा मानव समुदायमा यसको प्रभाव उल्लेख्य मात्रामा पर्दछ । हरियो वन कार्यक्रमद्वारा सञ्चालित लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रमले महिला सशक्तीकरणमा उल्लेख्य योगदान पुऱ्याएको छ। तर, सामाजिक समावेशीकरण र लैङ्गिक हिंसा रोक्न अझै प्रभावकारी कार्यक्रमहरु लागु गर्न आवश्यक छ। स्रोत पर्याप्त भएका समूहहरुले सुशासन सुदृढीकरण र प्राकृतिक स्रोतबाट हुने लाभको न्यायोचित बाँडफाँडमा ध्यान पुऱ्याउन आवश्यक छ।

- चोरीशिकारी नियन्त्रण इकाईका युवाहरु स्वयंसेवी रुपमा संलग्न हुने भएकोले युवाहरु परिवर्तन भइरहन्छन् । समुदायका सचेतकको रुपमा रहनु पर्ने हुनाले उनीहरुको नियमित रुपमा क्षमता विकास गरिरहनु पर्दछ र संरक्षण कार्यमा अद्यावधिक गरिरहनु पर्दछ। यसमा स्थानीय सरकारले सहयोग गरी चोरीशिकार नियन्त्रण इकाईका युवा स्वयंसेवीहरुलाई नियमित परिचालन गर्दा प्रभावकारी हुने ।
- वनमा आश्रित साथै विपन्न व्यक्तिहरुलाई सीपमूलक तालिम प्रदान गर्दा स्थानीय स्तरमा व्यवसाय सञ्चालन गरी राम्रो आम्दानी भएपछि संरक्षणप्रति सकारात्मक सोचको बिकास हुने ।
- स–सानो परिमाणको घुम्ती कोषलाई पनि प्रभावकारी परिचालन गर्न सकियो भने मनग्गे लाभ हासिल गर्न सक्ने ।
- बजारमुखी जीविकोपार्जन सुधारका लागि प्राकृतिक स्रोतहरुको दिगो प्रयोग गरी समुदायमा आधारित संरक्षण कार्यक्रमहरु नैं उत्तम विकल्पका रुपमा देखिएका छन् । उद्यमहरुको स्वामित्व, अर्थव्यवस्था र संरक्षण, यी सबै समुदायमा आधारित संरक्षणमा एक अर्कासँग जोडिएर आउने गर्दछन् । संरक्षणको दिगोपना स्थानीय समुदायमा नै निर्भर रहने गर्दछ र उनीहरूको जीवनयापनमा सुनिश्चितता भएमा मात्र उनीहरूले संरक्षणमा योगदान पुऱ्याउँछन्।
- सीपमुलक तालिमका प्रशिक्षार्थीहरुको छनोटमा स्थानीय तहले विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

- कार्यक्रमहरुको प्रभावकारिता र दिगोपना सुनिश्चित गर्न सामाजिक परिचालन महत्वपूर्ण हुने ।
- गरिव, संकटासन्न, विपन्न, महिला र वहिष्करणमा परेका समुहहरुको विभिन्न क्षमता विकास कार्यक्रम तथा विभिन्न जानकारी र सूचनामा पहुँच र सहभागिता बढाउँदा उनीहरुको आत्मविश्वास र नेतृत्व क्षमता विकास हुने जसबाट प्राकृतिक स्रोतमाथिको लाभ र फाईदाको न्यायोचित वितरणमा सघाऊ पुग्ने ।
- वन समूहहरुको संस्थागत क्षमता विकासमा अन्य सक्रिय र परिपक्व समूह परिचालन गर्दा सिकाई सहज र छिटो भएको । साथै सामूहिक रुपमा कार्य-समीक्षा-थपकार्य पद्दतीमा छलफल गरेर काम गर्दा सबैको साथ र सहयोग प्राप्त भई उपलब्धी हासिल गर्न सहज हुने ।
- गाउँपालिका स्तरको योजना बनाउँदा सहभागीतामूलक रुपमा संकटासन्न वडा, समुदाय र कार्यक्रमहरुको पहिचान गरेको हुनाले संकटासन्न वडाहरुमा कार्यक्रम केन्द्रित गर्न सबैको सहयोग र साथ पाउन सजिलो भएको।
- कार्यक्रमका शुरुवाती चरणदेखी नै स्थानीय सरकार, समुदाय र सम्बन्धीत सरोकारवालाहरुको संलग्नता बढाएमा सहज रुपमा सम्पन्न गर्न, आवश्यक स्रोतको व्यवस्थापन गर्न र दिगोपनामा सघाउ पुग्ने ।
- श्रोत संरक्षणका लागि बहुसरोकारवालाहरुको लामो समयसम्मको लगानी जरुरी छ ।
- ब्लकतहमा नगदे वालीको बृक्षारोपण, प्रशोधन र वजारीकरण गर्नसकेमात्र वजारमूखी जिविकोपार्जनको सफलता हासिलगर्न सकिने ।
- छोडिएका खेती योग्य जमिनहरुको स्वामित्व, उत्पादकत्व र वजारको आवश्यकतालाई मध्यनजर राखी पुन उपयोगमा ल्याउन सके आय आर्जन गर्न र मानव बन्यजन्तु द्वन्द्व न्यूनीकरणमा टेवापुग्ने देखिन्छ ।
- सामुदायिक वनहरुका महत्वपूर्ण कार्यक्रमहरु धेरै भन्दा धेरै सरोकारवालाहरुको सहभागितामा गर्ने तथा पारदर्शी रुपमा आदानप्रदान गर्दा सुधारको लागि महत्वपूर्ण सुझावहरु प्राप्त हुनुका साथै सहकार्यको वातावरण वढ्ने ।
- वजारमूखि जीविकोपार्जनबाट समुदायको आर्थिक स्थितिमा सुधार भए मात्र वन र वन्यजन्तु संरक्षण प्रति सकरात्मकभाव र अपनत्व वृद्धि हुने देखिएको ।
- बजारमुखी जीविकोपार्जन सुधारका कार्यक्रमहरुलाई स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियाको मूलधारमा ल्याई यी उद्यमहरुको प्रबर्धन गर्नका लागि निश्चित बजेट विनियोजन गरेमा आगामी दिनहरुमा यहाँका बासिन्दाहरुको जीवनस्तर उकास्न सकिन्छ ।

## कार्यक्रमको दिगोपना

हरियो वन कायक्रमले सञ्चालन गरेका कृयाकलापहरु स्थानीय स्तरमै माग भई आएका तथा टड्कारो रुपमा सामाजिक तथा पर्यावरणीय विकासमा बाधा पुऱ्याउने समस्या समाधान सम्बन्धि कार्यक्रमहरु भएकाले आगामी दिनहरुमा पनि यी कार्यक्रमहरुले निरन्तरता पाउन एकदमै जरुरी भएको महसुस भएको छ । आवधिक योजनाहरूमा लक्षित सामाजिक वृद्धि हासिल गर्न स्रोत तथा साधनमा समान पहुँच, रोजगारीका अवसरहरूको सिर्जना, पर्यावरण संरक्षण, सुशासनको अभिवृद्धिजस्ता संरचनागत आवश्यकताहरुलाई यी कार्यक्रमहरुको निरन्तरताले उचित रूपमा सम्बोधन गर्ने भएकाले गाउँपालिकाले हरियो वन कार्यक्रमद्वारा सञ्चालन गरिएका कृयाकलापहरुलाई थप परिष्कृत गर्दै अघि बढाउन जरुरी हुन्छ । यसका लागि फेदीखोला गाउँपालिकाले स्थानीय स्रोतसाधन, सीप, ज्ञान र दक्षताको दिगो सदुपयोग हुने गरी यी कार्यक्रमहरुलाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गराई अघि बढाउनु पर्छ जसले गर्दा विकासको मूलधारमा ल्याउन बाँकी रहेका जाति, वर्ग, लिंग, क्षेत्र तथा अल्पसंख्यक, सीमान्तकृत, बञ्चित आदि सबै समुदायको सामाजिक अवसरको पहुँच विस्तारमा सहयोग पुऱ्याउने छन् । जीवनस्तरमा हुने गुणात्मक सुधारले मात्र स्थानीय बासिन्दालाई प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने र अन्ततोगत्वा पर्यावरण संरक्षण र जीवन स्तर सुधार गर्ने हुनाले हरियो वन कार्यक्रम मार्फत हाल सञ्चालन भइरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनु जरुरी हुन्छ ।

कार्यक्रमको दिगोपनाका लागि निम्न विषयहरु जरुरी देखिन्छः

- चोरीशिकार नियन्त्रण इकाई परिचालन वन तथा वन्यजन्तु संरक्षणमा सफल कार्यक्रम भएको अनुभवको आधारमा स्थानीय सरकारले पनि चोरीशिकार नियन्त्रण इकाई परिचालनलाई आफ्नो नियमित कार्यक्रम भित्र पार्न सके यसको दिगोपना हुने देखिन्छ ।
- लैङ्गिक तथा सामाजिक सवालहरुमा रुपान्तरणका लागि सामुदायिक सिकाई तथा कार्य केन्द्रलाई सहयोग प्रदान गरी परिचालन गर्न सकिएकमा राम्रो हुने ।
- सामुदायिक वन उपभोक्ता समूहहरुमा भएको घुम्ती कोषको परिचालनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र प्राविधिक सरसल्लाह उपलब्ध गराउन सकिएमा अझ राम्रो परिणाम प्राप्त गर्न सकिने ।
- स्थानीय स्रोत व्यक्ति तथा तालिम प्राप्त जनशक्तिको प्रभावकारी परिचालन गर्ने । व्यावसायिक योग्यताको संरचना तयार गरी सो संरचनाभित्र औपचारिक र अनौपचारिक तालिमका विषयवस्तुलाई सिकाईका आधारका रूपमा गाउँपालिकाले विकसित गर्नुपर्ने ।
- स्रोत साधन तथा कार्यक्रमहरुमा वर्ग तथा लिङ्गको समानुपातिक प्रतिनिधित्व र लाभांशहरुको न्यायोचित विरतण प्रकृयामा जोड दिदा सामाजिक न्याय प्रत्याभूत गराउन मद्दत पुग्ने ।
- यहि गाउँपालिकाको एउटा सा.व.लाई नमुना बनाउने हेतु काम भइरहेको र सोको राम्रो सिकाई र अभ्यासलाई मनन गरी नमुना तथा अन्य सा.व.हरुको क्षमता सुधारका लागि गाउँपालिकाले अपनत्व लिनुपर्ने ।
- हरियो वन कार्यक्रम मार्फत प्राप्त सफल अभ्यास र प्रविधिहरु मध्ये सम्बन्धित समूह तथा स्थानीय सरकारलाई राम्रा लागेका सफल अभ्यास र प्रविधिहरुलाई आफ्ना वार्षिक नीति तथा कार्यक्रमहरु मार्फत संस्थागत तथा मूलप्रवाहीकरण गर्दै कार्यान्वयन गर्न सकिएमा समुदाय स्तरमा राम्रो प्रभाव हासिल गर्न सकिने ।
    - जलवायु तथा महिलामैत्री प्रविधि,
    - नमुना सावको अभ्यास
    - प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुको संस्थागत क्षमता बिकास,
    - पानीको मात्रा तथा गुणस्तार बृद्धिको दृष्टिकोणबाट महत्वपूर्ण क्रियाकलापहरु जस्तै पानी मुहान संरक्षण, खोला किनार संरक्षण तथा खहरे नियन्त्रण, सिँचाइ कुलो संरक्षण, संरक्षण तथा पुन भरण पोखरी निर्माण, छेकबाँध, क्षति ग्रस्त जमिनको पुर्नउत्थान, सिल्ट ट्राप ड्याम आदि ।
    - सामुदायिक वन उपभोक्ता समूह स्तरमा बनेका लैससास नीति तथा कार्ययोजना,

यसका साथै हरियो वन कार्यक्रमको समयावधी समाप्त हुनु अघि हाल सञ्चालनमा रहेका क्रियाकलापहरु र आशातीत उपलब्धिहरु हासिल हुने गरी सम्पन्न गरिनेछ । सफल देखिएका क्रियाकलापहरुलाई बिस्तार गर्नका लागि आवश्यक प्राविधिक सहयोग निरन्तर प्रदान गरिनेछ । ती क्रियाकलापहरुलाई राष्ट्रिय योजना तथा अन्य आयोजनाहरु साथै सरोकारवालाहरु र हरियो वन कार्यक्रमका साझेदार संस्थाहरुसँग सहकार्य तथा साझेदारीका लागि प्रयासहरु गरिनेछ । साथै, बाँकी समयावधीमा यी कार्यक्रमहरु कार्यान्वयनका दौरान प्राप्त सिकाई तथा उपलब्धिहरुको अभिलेखिकरण पनि गरिनेछ ।

**हरियो वन कार्यक्रम**

USAID अमेरिकी जनताबाट   WWF   care   FECOFUN   NTNC

**डिस्क्लेमरः** यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस सामाग्री भित्रका विषयवस्तु र सामाग्री फेकोफनका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।